# महाप्रलयको पहिलो रात

*आचार्य बालकृष्ण*

नेपालमा आएको भुइँचालोको कहाली लाग्दो त्रासदीमा नेपालका हजारौं व्यक्तिहरूको असामयिक निधन हुन गयो। पर्यटन एवं तीर्थाटनका निम्ति नेपाल पुगेका विश्वभरका हजारौं व्यक्तिहरू मध्ये थुप्रै सदाका लागि हामीबाट टाढा भए। आफ्नो आँखाकै अगाडि लाखौं व्यक्तिहरूले जो अत्यासलाग्दो दृश्य देखे, यस्तो पुनः कसैले पनि देख्न नपरोस्। यस्तो भयानक एवं कहाली लाग्दो दृश्यलाई मैले पनि हेर्नु पर्‍यो। दैवसंयोग यस्तो रह्यो कि श्रद्धेय स्वामीज्यू र म पनि धौ-धौले बाँच्न सफल भयौं।

यस आपतको स्थितिमा हामी पीडितहरूको सेवाका निम्ति राजनैतिक एवं भौगोलिक सीमाभन्दा माथि उठेर मानवीय संवेदना र भावनाहरूलाई अपनाएर अगाडि बढ्नु हामी सबैको कर्त्तव्य बन्छ।

त्यस भयानकतम घटनाको परिणामस्वरूप जहाँ हजारौं व्यक्तिहरूले असामयिक मृत्यु प्राप्त गरिसकेका थिए, त्यहीं हजारौं व्यक्ति घायल भएर भोक एवं प्यासले तड्पिरहेका थिए। त्यस्तै हजारौं परिवार यत्र-तत्र छरिएका एवं टुटेका थिए। केही सेकेण्डको यो त्रासदीले यत्रो ठूलो घाउ दिएर गयो कि सम्भवतः युगौंसम्म पनि यो घाउ आलै रहनेछ। यस घाउमा मलम लगाउने काम यदि हामी सबै मिलेर प्रयास गर्‍यौं भने अवश्य नै हुन सक्छ। यही संवेदनाको एक विनम्र प्रयास योगर्षि स्वामी रामदेवज्यूको प्रेरणाले पतञ्जलि योगपीठद्वारा सुरु भएको छ।

नेपालमा जुन क्षणमा भूकम्प आयो, त्यसको क्षणभर पहिलेसम्म एक कार्यक्रम चलिराखेको थियो। जसमा जीवनका उचाइको चर्चा भइराखेको थियो। लगभग चार-पाँच हजार व्यक्तिहरू थिए, जो तन्मयताले चर्चालाई सुन्दै थिए। मैले पनि केही चर्चा गरें। श्रद्धेय स्वामीज्यूले पनि सबैलाई योग र अध्यात्मको बारेमा बताउनुभयो। फेरि प्रसिद्ध जैन सन्त महाश्रमणज्यूले साधनाको चर्चा गर्नुभयो। कार्यक्रम समयभन्दा अलि ढीलो चलिराखेको थियो। कार्यक्रम समाप्त भयो। म चाँहि सरासर गएर गाडीमा बसें। स्वामीज्यू श्रद्धालुजनसँग भेट्दै हुनुहुन्थ्यो। स्वामीज्यू पण्डालबाट बाहिर निस्कनु मात्र भएको थियो, अधिकांशतः व्यक्तिहरू पनि बाहिर निस्किए। अचानक आवाज आउन थाल्यो। शालिग्रामले गाडी स्टार्ट गरिसक्नु भएको थियो। गाडी हल्लिन थाल्यो। मलाई यस्तो लाग्यो कि गाडी मुनि केही त आएको छैन! अगाडि हेरेको त आमा-दिदीबहिनी एवं पुरुषहरू होसहवास बिर्सिई अस्त-व्यस्त दौडिराखेका थिए। म पनि गाडीबाट झरें। केही बुझ्नुभन्दा। अघि नै स्वामीज्यू एवं केही व्यक्तिहरू गाडी नजिकैको रूखलाई समातेर अभिनु भएको देखें। मलाई पनि हावामा उडे झैं अनुभव भइराखेको थियो। खुट्टाहरू भुइँमा अडिनै मानेनन्। चारैतर्फ मानिसहरू चिच्याइरहेका थिए। अचानक देखें कि मेरो सामुन्नेमा स्थित बाल मन्दिर (जो काठमाण्डौको एक पुरानो प्रसिद्ध भवन थियो) को आधा भाग भत्किसकेको थियो। म गाडीबाट बाहिर निस्किसकेको थिएँ। पतञ्जलिका केही स्वयंसेवक मलाई पनि समातेर सुरक्षित गर्ने प्रयास गर्दै थिए। श्रद्धा यति गहिरो हुँदो रहेछ कि आफ्नो प्राण सङ्कटमा भएता पनि आफ्नो प्रिय, आफ्नो गुरु पहिले देखिँदोरहेछ। यो मलाई त्यसबेला प्रत्यक्ष अनुभव भयो (यद्यपि म आफूलाई गुरु वा ठूलो सन्त मान्दिन, अपितु एक सामान्य व्यक्ति ठान्दछु)। उनीहरूको श्रद्धालाई अहिले पनि सम्झिँदा मात्रै, मेरो आँखाबाट हर्षाश्रु बग्नबाट थामिन मुस्किल पर्छ।

केही समयमा नै चारैतर्फ कहाली लाग्दो स्थिति बनेको थियो। फलामको खम्बा अडिएको टीनसेड वाला वाटरप्रुफ पण्डाल/मण्डप आफ्नो आँखाको अगाडि धराशायी भयो। त्यसैको छेउको भवनको आधा भाग भुइँमा मिलिसकेको थियो। हाम्रो अगाडि जुन भवन थियो, कपडा च्याते झैं आवाज गर्दै च्यातिँदै गयो, फेरि पनि हल्लिँदै-हल्लिँदै रोकियो। पण्डालको छेउका ठूला-ठूला रूखहरू ढलिसकेका थिए, तर धन्य स्वामीज्यूले जुन रूखलाई समात्नु भएको थिए, त्यो बच्यो। सामुन्नेको भवन चर्कियो तर धराशायी हुनबाट चाँहि बच्यो। हाम्रो सामु मृत्यु तीन रूपमा उपस्थित

देखिन्थ्यो– भत्किँदै गरेको पण्डाल, ढल्दै गरेका रूखहरू र भत्किँदै गरेका भवनहरू। आश्चर्य! श्रद्धेय स्वामीज्यूले आड लिनुभएको ढलेन बरु रूख रक्षक बन्यो। रूखको कारणले पण्डाल केही कदम टाढा खस्यो। भवनबाट हामी त्रसित थियौं तर सायद त्यो हामीलाई डराएर फेरि हामीसँग डरायो अथवा त्यसले पतञ्जलिको दियो एक साथ ननिभ्योस् भनेर हामीलाई बक्स दियो, हामी बाँच्यौं। यदि त्यतिखेर हामी पण्डालभित्र भएका भए कतिको ज्यान जाने थियो होला! हामी पनि मर्नेहरूमध्ये एक हुन्थ्यौं। यदि उक्त कार्यक्रम दस मिनेट पहिले सिद्धिएको भए भोजनालयमा थुप्रै व्यक्तिहरू पुगिसकेका हुन्थे। परिणामतः भोजनालयसँगै रहेको भवन धराशायी भइसकेको थियो, जसले गर्दा अनगिन्ती व्यक्तिहरूको ज्यान जाने थियो।

यदि हामी सडकमा पुगेका भए कुनै भवनका मुनि हुन्थ्यौँ। सबै कुरा याद गर्दा आज पनि सपना जस्तो लाग्छ। यस्तो प्रतीत हुन्छ कि त्यो कुनै घटना होइन केवल एक नराम्रो सपना मात्र थियो। तर त्यो सपना यति कहाली लाग्दो थियो कि त्यो केही सेकेण्डमा लाखौं व्यक्तिको चित्कार, करुण क्रन्दनको साथ क्षणभरमा सदीयौंको लागि पीडा दिएर गयो। क्षणभरमा नै त्यो सपनाबाट बाहिर निक्लिएँ तर जब त्यो सपना टूट्यो, तब व्यक्तिहरूको त्यो कारुणिक स्वरूप पीडादायी एवं कहिल्यै पनि नबिर्सिने दुःस्वप्न बनिसकेको थियो।

त्यसको केही क्षणपछि फेरि भुइँचालो दोहोरियो। ठूला–ठूला गगनचुम्बी रूखहरू ढल्न थाले। अग्ला–अग्ला भवनहरू भत्किन लागे। त्यतिखेर कसैगरि आफूलाई सुरक्षित राख्दै सकेसम्म आफ्नो वरिपरि भएकाहरूलाई पनि सुरक्षित गरियो। स्वयं मुस्किलले बाँचेपछि अन्य घाइतेहरूको बारेमा सोधेपछि उनीहरूलाई भय मुक्त गर्न तथा जो दबिएका थिए उनीहरूलाई सहायता पुऱ्याउन प्रयास गरियो।

कसरी यस भीषण त्रासदीले लाखौंको जीवन बर्बाद भयो? कसरी नेपालको गौरवशाली सांस्कृतिक, पारम्परिक, पुरातात्त्विक, ऐतिहासिक धरोहर पनि भताभुङ्ग भयो? मैले आफ्नै आँखाले देखें। सदीयौंदेखिका जुन इतिहास परम्पराको धरोहर र चिह्न थिए, अब ती सबै खण्डहर एवं अतीत बनिसकेका थिए।

त्यसपछि त्यहाँबाट जसोतसो पतञ्जलि योगपीठ, मण्डिखाटार पुगेर यस महाप्रकोपबाट सबैको रक्षा होओस्, सबै भयमुक्त होऊन् भन्ने भावना मनमा राख्दै वैदिक मान्यतानुसार यज्ञ प्रारम्भ गरियो र भगवानसँग प्रार्थना गरियो। यज्ञ सकिएपछि तुरुन्तै माननीय जैन सन्त महाश्रमणज्यू एवं अन्य व्यक्तिहरूको हालत जान्नका निम्ति छेउछाउका क्षेत्रको जानकारी लिई उनीहरूलाई भेटि फेरि सारा काठमाण्डौमा जहाँ–जहाँ जान सकिन्थ्यो, आफ्नो ज्यानको पर्वाह नगरी क्षति र जीउधनको नोक्सानको अड्कल गर्ने प्रयास गरियो।

केही सेकेण्डको भूकम्पले लाखौं जीवनको सुख समाप्त गरेको थियो। फोन र अन्य सम्पर्क संवादको सबै मार्ग अवरुद्ध भएका थिए। जताततै हाहाकार, त्राहिमाम्- त्राहिमाम् थियो। पतञ्जलि परिवारसँग आबद्ध करोडौं व्यक्तिलाई पनि यस्तो आपदाको भीषणता र त्यस समय स्वामीज्यू र काठमाण्डौमा रहेको अवगत थियो। मिडियामा भूकम्पपछि आचार्यज्यू (म) एवं स्वामीज्यूको अत्तोपत्तो न भएको सूचना प्रेषित भएको थियो। यस सूचनापश्चात् देश दुनियाँका लाखौं व्यक्ति हाम्रो निम्ति आकुल–व्याकुल भएर क्रन्दन गरिरहेका थिए। हाम्रा लागि त्यो क्षण यस कारण भयावह थियो कि हामीले त्यस क्षणलाई आफ्नै आँखाले देखेका थियौं। मानिसहरू क्रन्दनले द्रवित थिए।

पतञ्जलि परिवारका लाखौं भाइ–बहिनीहरूका लागि कहाली लाग्दो अवस्थाको आशङ्काले हरेक क्षण कति बेचैनीमा बित्यो होला? उनीहरूको कल्पना मात्रले पनि हाम्रो मन उद्वेलित र अशान्त भएको थियो। लगभग साँझको पाँच बजेतिर भयभीत तथा घाइतेहरू यताउति दौडिराखेका थिए। टुँडिखेल मैदान (जुन काठमाण्डौको सबैभन्दा ठूलो चउर हो) जहाँ पछिल्लो दुई दिनदेखि योग शिविर चलेको थियो। लगभग पाँच लाख फिट हरियो म्याट बिछाइएको थियो। व्यक्तिहरूले त्यसैलाई आफ्नो निम्ति सुरक्षित मान्दै झोपडी बनाउँन सुरु गरेका थिए। जब यो कुरा स्वामीज्यूलाई थाहा भयो, उसै बखत उहाँले सम्पूर्ण पण्डाल, म्याट आदिलाई जनताको सेवाको निम्ति सहर्ष स्वीकृति प्रदान गर्दै सबै

कार्यकर्ताहरूलाई आदेश गर्नुभयो कि कसैलाई पनि केही नभनियोस्। यसरी स्वामीज्यूले सम्पूर्ण पण्डाल जनताको हितका लागि प्रदान गर्नुभयो। यो पतञ्जलिको सेवाको उत्कृष्ट उदाहरण र पहिलो कदम थियो। पण्डालमा लगभग चालीस–पचास लाख रुपैयाँ पर्ने जुन म्याटलाई प्राकृतिक विपदाभन्दा अघि जीवनलाई स्वस्थ र निरोगी बनाउँनका लागि बिछाइएको थियो, त्यो अब जीवन रक्षाका लागि वरदान बन्न गयो। योग शिविरका लागि पण्डालमा लगाइएको जेनरेटरद्वारा ग्राउण्डमा लाइटको र बिछाइएको म्याटद्वारा पालको व्यवस्था स्वत: बन्न पुग्यो। यति व्यवस्था यदि भूकम्प गएको लगत्तै सुरु गरेको भए कम्तीमा दुई–तीन दिन त आवश्य लाग्दथ्यो।

साँझसम्म हाम्रा हजारौं स्वयंसेवकले काठमाण्डौको अनेक स्थानमा पुगेर पिउने पानीको व्यवस्था, चिउरा, आलुको झोल, फल र पतञ्जलिद्वारा निर्मित बिस्कुटको वितरण गरिसकेका थिए। यस भयानक त्रासदीमा पनि हजारौं मानिसहरूको लागि पहिलो दिन एक आड मिल्यो। जहाँ आपदाग्रस्त व्यक्तिहरूले जेनेरेटरबाट प्रकाश पाइरहेका थिए, त्यहीं एकै पटकमा सयौं संख्यामा मोबाइल चार्ज गर्दै थिए। भोक मेटाउन चिउरा, बिस्कुट, दालमोठ, पानी र स्याउको वितरणको व्यवस्था गरिएको थियो। टुँडिखेल मैदानमा, जहाँ हजारौं नेपाली थिए, त्यहीं हजारौं भारतीय र अन्य मुलुकका व्यक्तिहरूको पनि भीड लागेको थियो।

तत्काल सेवाका लागि काठमाण्डौमा उपलब्ध खाद्य सामाग्री, फल, बिस्कुट र पानीका बोतलको तत्काल व्यवस्था गर्ने विचार त गऱ्यौं तर त्यस कहाली लाग्दो स्थितिमा न त कुनै पसल खुलेका थिए, न कोही पसले नै भेटिन्थे। चिनेजानेका पसलेहरूपनि थुप्रै थिए तर ती आफ्नो पसल होइन, प्राणको रक्षा गर्नमा तत्पर थिए। जब केही आँटिला व्यक्तिहरूले साहस देखाए, तब केही सामानको व्यवस्था भयो। पतञ्जलि आयुर्वेद नेपालबाट राजुज्यू र बाबुकाजीज्यूले लगभग तीन–चार सय कार्टून बिस्कुट उपलब्ध गराउनु भयो। लगभग तीन सय पेटी स्याउ लिएर हाम्रा सहयोगी उद्धवज्यू तयार उभिनुभयो। लगभग नौसय बोरा चिउरा, केही क्विन्टल दालमोठ लिएर ओम बंसलज्यू र विनोदज्यू सेवाका लागि तत्पर देखिनुहुन्थ्यो। सयौं पेटी पानीका बोतलको साथ शालिग्रामज्यू, उपेन्द्रज्यू, लबदेबज्यू, बहिनी अर्चना र रीता पनि सेवामा जुट्नका लागि तम्तयार देखिनुहुन्थ्यो।

भूकम्पपछि बारम्बार आएको झट्का र त्यसपछि बर्सेको अविरल पानीले काठमाण्डौको जाडो चारैतिर फैलियो। मानिसहरूको करुण–क्रन्दन, बीच–बीचमा कोलाहल र डरले यताउता भाग्दै गरेका मानिसहरू स्वामीज्यूको ओजस्वी वाणीको प्रभाव र सेवाको सङ्कल्पले मृत्युको डरलाई बिर्सेर तत्क्षण आ–आफ्नो सामर्थ्यानुसार सेवामा जुटेका थिए। साँच्चिकै भन्नु पर्दा सबैको बीचमा त्यस समय तत्काल सेवामा जुटेका पतञ्जलिका स्वंयसेवक जतासुकै देखिई राखेका थिए। भूकम्पको भयावहताको देश–दुनियाँका मानिसहरू अड्कल गर्न नपाउँदै, फेसबुक, ट्विट्र आदिद्वारा सूचनाको आदान–प्रदान चल्दै गर्दा कसैले पनि तत्काल के गर्ने भनेर सोच्नै सकेका थिएनन् तर भूकम्प आएको केही घण्टामा नै पतञ्जलि तात्कालिक र दीर्घकालिक योजना बनाएर सेवामा लागिसकेको थियो।

फोनको सबै लाइन लगभग ठप्प भइसकेको थियो। पटक–पटक फोन लगाउँदा पनि घण्टौं पछि फोनमा सम्पर्क हुन्थ्यो। स्वामीज्यूले आदेश गर्नुभयो 'पतञ्जलिको अन्य सेवाको कार्य रोक्नु परेपनि यस भूकम्पको राहतमा कुनै कमि आउन नदिनू' हामी सबैले जुटेर तत्काल राहत सामग्रीको व्यवस्था स्थानीय स्तरमा गऱ्यौं तर पछिको लागि के गर्ने? पहिले हरिद्वारमा भरतज्यूसँग कुरा भयो, फेरि लखनऊबाट सामान शीघ्र आउन सक्ने देखेर ओ.पी. श्रीवास्तवज्यू एवं अलखज्यूलाई फोन गरेर तत्काल दुई–तीन ट्रक पानी, एक–एक ट्रक फल, आलू, पाल आदि छ–सात प्रकारका सामानहरूको शीघ्र व्यवस्थाको लागि आह्वान गरियो। पतञ्जलिसँग परिचित डाक्टरहरूद्वारा औषधिको लिस्ट तयार गरेर तत्काल जीवन रक्षाको निम्ति लगभग एक करोडको जीवन रक्षक औषधि मँगाउन आदेश दिइयो तर कागजातको अभावमा अर्को दिन नेपाल स्थित भारतीय राजदूतको स्वीकृति कागजपत्र तयार गरेर एक डाक्टरको ग्यारेण्टी पत्र बनेपछि मात्र अर्डर पठाइयो।

तत्काल सबै प्रभावित जिल्लामा जानको लागि २०–३० टिम बनाएर सूदुर क्षेत्रमा अलग–अलग स्थानमा क्याम्प शिविर लगाएर यस आपत्ति या त्रासदीको भयानकता समाप्त नभएसम्म सेवा कार्यलाई निर्बाध रूपले चलाउने निर्णय लिइयो। त्यही शिविर स्थलमा भोजन उपलब्ध गराउने, स्वंयसेवक तथा टाढा–टाढाका मानिसहरूको निम्ति खाद्य सामाग्री, टेण्ट, कम्बल, म्याट आदि उपलब्ध गराउनका लागि आदेश दिइयो। यस कार्यमा नेपाल सरकार र पुलिस प्रशासन विशेषगरी डी.आई.जी. भण्डारीज्यूको पनि विशेष सहयोग प्राप्त भयो।

विनाशको यस स्थितिमा रक्तदानको निम्ति विचार गरी जब रेडक्रससँग सम्पर्क गर्ने प्रयास गरियो, तब पत्ता लाग्यो कि भूकम्पभन्दा पहिले नै उनीहरूका टीम ब्लड डोनेशन गरेर गएका थिए तथा उनको पनि भूकम्पपश्चात् अत्तोपत्तो थिएन। केही गरी भोलिपल्ट रक्तदानको व्यवस्था भयो, स्वंय रक्तदान गरेर स्वामीज्यूले अरूलाई पनि आह्वान गर्नुभयो। फेरि स्वामीज्यूले घोषणा गर्नुभयो 'आपदग्रसित मृत परिवारका घरबारविहीन कम्तिमा ५०० जति बच्चाहरूको उचित एवं उच्च शिक्षा, आवास, वस्त्र, भोजन आदिको सबै व्यवस्था पतञ्जलि योगपीठले गर्नेछ र तत्काल व्यवस्थाका लागि काठमाण्डौ नजिकै धुलिखेलमा हालसालै निर्मित आयुर्वेद कलेजको भवनलाई यस कार्यको निम्ति प्रयोग गरिनेछ।' व्यवस्थाहरू त्यहीँबाट सुचारु चलाउने र स्वयं गएर त्यसलाई हेर्ने र बुझ्ने निर्णय गरियो, ताकि राहत र पुनर्निर्माणको कार्यको सही र प्रभावी ढङ्गले सञ्चालन गर्न सकियोस्।

सयौं स्वयंसेवक रात्रिको लगभग ९ बजेसम्म सेवा गर्दै थिए। आधारात बितेको पत्तै भएन। टुँडिखेल मैदानमा एउटा कम्बललाई दुई–तीन व्यक्तिहरूले ओडेर रात गुजारे किनकि तत्काल कम्बलको त्योभन्दा धेरै व्यवस्था असम्भव थियो। अलिकति पनि काँही होसहवासको स्थिति थिएन। चारैतर्फ हाहाकार र करुण–क्रन्दन मात्रै सुनिन्थ्यो। थुप्रै बिल्डिङ्ग ध्वस्त भइसकेका थिए। अनगिन्ती ज्यान गइसकेका थिए। बिजुली–पानी सबै ठप्प भइसकेका थिए। मानिसहरूलाई सुरक्षा दिने भवनहरूसँग पनि आज सबै त्रसित थिए। बारम्बार भुइँचालोको झट्का आइ नै रहेको थियो। सबैलाई यस्तै लाग्थ्यो कि यदि घरभित्र गएमा त्यसै क्षण भयानक भूकम्प आएर भवन धराशायी भई हाम्रो प्राण जानेछ। भवनहरू काल्पनिक भूत झैं लाग्दथे। सारा सहर जमीनमा खुल्ला आकाशमुनि, बसेको थियो। जे जति पनि पाल, प्लास्टिक अथवा कुनै छत बनाउने उपाय भयो, त्यो बाहेक सबै दयनीय स्थितिमा उनै भगवानको भरोसामा जाडो–वर्षा खप्दै उनै दयानिधानको सहारामा थिए। सबै साधन विहीन असहाय भएर परमात्मासँग सहायताका लागि प्रार्थना गर्दै थिए। घाइतेहरूलाई अस्पतालमा पुऱ्याउने कार्य प्रारम्भ भइसकेको थियो, तर कति घाइतेहरू भासिएको, भत्किएको, चर्किएको, घरको ढुङ्गामाटोभित्र अन्तिम श्वासलाई पर्खंदै थिए, छट्पटाएर हजारौं मानिसहरूले आफ्नों प्राण त्यागे होलान्। कल्पनामात्रले पनि आङ्ग सिरिङ्ग हुन्छ।

हजारौंले कसैको आउने प्रतीक्षा गरे होलान्। कोही आउला र हामीलाई बचाऊला भनेर सोचे होलान्। जब कालदेव स्वंय नै क्रूर भएपछि कसको आस गर्ने? असीम सामर्थ्यशालीको प्रकोपको अगाडि सीमित सामर्थ्यवाला मनुष्यले के नै गर्न सक्छ होला? यो सत्य हो कि जब प्रकृति नै प्रतिकूल हुन्छ, तब मानवसँग लाचार हुने बाहेक अरु उपाय नै हुँदैन। तैपनि जसलाई बचाउँन सम्भव छ, उनीहरूलाई बचाउँन भरपूर कोसिस गर्नु हाम्रो जिम्मेवारी हो। सहर नजिकै त सेवा पुग्यो तर टाढा–टाढा पहाडहरूका गाउँबेसीहरूमा भने तत्काल उद्धार कार्य हुन सकेन।

गाउँ–सहर, लेकबेसीहरूमा मुस्किलले आफ्नो जीवन निर्वहन गर्न व्यक्तिहरू बाध्य छन्। यस्ता शैल–सन्ततिहरू, हिमालयका पुत्र–पुत्रीहरू, जसले सिन्को–सिन्को जोडेर आफ्नो बसोवास बनाएका थिए, त्यही गुँडमा दुई छाक रूखोसूखो खाएर, आफ्नो दुखसुख जोहो गरेर आफ्ना निश्चल ती भोलाभाला बाल–बच्चाहरू एवं परिवारको साथमा कसैलाई दुःख नदिई जीवन गुजार्न बाध्य छन्, ती नास्तिक थिएनन्। आफ्नो बुद्धि, ल्याकत या परम्पराले त्यस परम शक्तिलाई खुसी राखेर आफ्नो जीवनमा सुखको कामना गर्दथे। राजनैतिक द्वन्द्व, जटिलता, कुटिलता, दम्भ, आडम्बर युक्त कृत्रिम जीवनबाट टाढा ती शान्त मानिसहरूका आश्रयलाई, आराध्यदेवले अशान्त किन गरेर गए? जो अरुको आँसु पुछ्न आफ्नो देशका

मानिसहरूका मात्र सेवा नगरी आफूभन्दा टाढा रहेकी भारत आमालाई पनि आफ्नी आमा सम्झेर तथा ब्रिटिशहरूको समेत प्राणको रक्षाको निम्ति आफ्नो प्राणको आहुति दिनमा सबैभन्दा अग्रणी रहने वीर गोर्खाली जाति आज आफ्नो आँसुका धारा बगाइरहेछन्, चिच्चाएर तड्पिरहेछन्। यस्तो मार्मिक क्रन्दनले ढुङ्गाको हृदयलाई पनि पगाल्छ, नास्तिक पनि त्यस प्रकृतिको भर्त्सना गर्छ होला चीत्कार गर्दै उठ्छ होला।

सुन्दर पहाडको टुप्पो, हिमाच्छादित श्रृङ्खलाहरू, त्यसमा सुगन्ध फैलाउने प्रकृति, प्राकृतिक जडीबुटीहरू, त्यसमा मधुरता घोल्ने पहाडी लोक संगीत, त्यो चहल-पहल सबै क्षणभरमा मसानघाट बनिसकेको थियो। नातागोता, इष्टमित्र, छिमेकी गाउँका ती परिचितहरू, जसले एक अर्कालाई टाढैबाट बोलाउने गर्थे, पुकार्ने गर्थे, अब सबै नि:स्तब्ध र शान्त भइसकेका थिए। अब घर-परिवार, खेतबारी, घर-आँगनमा बाँधिएका गाई-भैंसी र अन्य सबै पशु केही बाँकी रहेनन्। सबै नाता-बन्धन, परम्परा, प्रेम क्षणभरमा अतीत बन्यो। चारैतर्फ मात्र शून्यता देखिन्थ्यो। यिनै पीडाको घनघोर जङ्गलमा भट्किँदै आकुल-व्याकुल थिएँ। पालमा पल्टिएको शरीर एक खम्बा झैं भएको छ। खुल्ला आकाशलाई नियाल्दै पतञ्जलि योगपीठको मैदानमा रातभरि दिनभरिको हरक्षणलाई स्मरण गर्दै रहें। त्यस भयावह स्थितिले मेरो हृदयलाई छिया-छिया पारेको छ। सोच्दा-सोच्दा खै! कहिले सूर्यको उज्यालो देखियो थाहै भएन। मैदानबाट हिम्मत बटुल्दै उठेर आफ्नो नित्यकर्मबाट निवृत्त भएर फेरि आफ्नो हृदयको पीडलाई शान्त गर्नका निम्ति मानिसहरूको सेवाको योजना बनाउँन जुटें।

आज भूकम्पको सातौं दिन हो। यति धेरै पीडाहरूलाई मनमा बोकेर पनि मलाई यस कुराको सन्तोष छ कि पतञ्जलिका हजारौं कार्यकर्ता रातदिन सेवामा जुटेका छन्। आपत्तिमा परेकाहरूको निम्ति सबै सहयोगी र पतञ्जलिद्वारा ५ करोड बराबरको धनराशि सहयोग गरिइसकेको छ। अब दीर्घकालिक योजनाहरू जस्तै बच्चाहरूको शिक्षा, आवासको व्यवस्था, गाउँहरूको पुननिर्माण र अन्य व्यवस्थामा हामीले थुप्रै काम गर्नु छ।

बचाऊ, राहत, फेरि पुनर्निर्माण र आपद्ग्रस्तहरूको जीवनलाई व्यवस्थित गर्नमा महिनौं हैन वर्षौं लाग्नेछ। अहिले यस्ता हजारौं व्यक्तिहरू छन्, जसलाई हेलीकप्टरबाट चिकित्साको लागि काठमाण्डौमा ल्याइएको छ तर अब न त उनीहरूको प्रतीक्षा गर्ने कोही पारिवारिकजन बाँचेका छन्, न त कुनै घर नै बाँकी छ। अब उनीहरू हस्पिटलबाट डिस्चार्ज भएर जाने कता? यस्ता व्यक्तिहरूको निम्ति पतञ्जलिको तर्फबाट काठमाण्डौ र काभ्रेपलाञ्चोक जिल्लाको बनेपामा आवास भोजनको व्यवस्था तथा अन्य सेवाको कार्य प्रारम्भ भइसकेको छ। जब उनीहरू घर फर्किन तयार हुनेछन्, तब उनीहरूलाई पाल, रासन, आवश्यक सामाग्रीको साथमा नगद राशि दिई हिम्मत र साहस बढाएर घर पठाउने व्यवस्था गरिनेछ। यस्ता मानिसहरूको सङ्ख्या हजारौं हुन सक्छ, उनीहरूको जिम्मेवारी पनि पतञ्जलि योगपीठले लिनेछ।

हजुरहरू सबैलाई आह्वान गर्दछु कि यस महात्रासदी, दैवीय आपत्तिमा तन, मन र धनले सहयोगका लागि अगाडि बढौं। यस दैवी विपदाको घडीमा भारतका यशस्वी प्रधानमन्त्री मोदीजीद्वारा सञ्चालित तत्काल राहत र बचाऊ कार्यको प्रशंसा गर्नुपर्छ। हाम्रा एन.डी.आर.एफ. का जवान र चिकित्सक जो रातदिन गरेर सेवामा जुटिरहेका छन्, सबै धन्यवादका पात्र छन्। यसको अतिरिक्त दुनियाँको अनेक देशका सरकार जसले यस घडीमा आफ्नो सहयोगको हात अघि बढाए तथा जति पनि दुनियाँभरिका सामाजिक, आध्यात्मिक संस्था जो यस कार्यमा नि:स्वार्थ सहयोग र सहायता गर्दै छन्, उनीहरू तथा सकुशल ती नेपाली जनता जो यस अत्यन्त संवेदनशील घडीमा धैर्यधारण गरेर एक अर्काको सहयोग एवं सेवामा लागेका छन्, ती सबै पनि धन्यवादका पात्र छन्। यस मानवीय संवेदनाको लागि उहाँहरूलाई हामी धन्यवाद दिन्छौं। नेपाल सरकार, पुलिस प्रशासनको प्रयास, खासगरि पुलिसका जवानहरू जो फील्डमा दबिएका, च्यापिएका, थिचिएका, पुरिएका मानिसहरूलाई बचाउँने तथा निकाल्ने कार्यमा खूब मिहिनेतपूर्वक लागिपरेका छन्, म सबैको पुरुषार्थका लागि कृतज्ञता व्यक्त गर्दछु। म आशा गर्दछु कि नेपालमा भगवत् कृपाले शीघ्र जन-जीवन सामान्य हुनेछ तथा देशवासीहरू पुन: आफ्नो पुरुषार्थ र पराक्रमले देशमा शान्ति र समृद्धिको स्थापना गर्दै अघि बढ्नेछन्।

# नेपाल भूकम्पको लागि दान गरौं

नेपाल इतिहासकै सबैभन्दा नराम्रो प्राकृतिक आपदामध्येमा एकलाई झेलिरहेको छ तथा प्रकृतिको यस त्रासदीको भयावहताको अहिलेसम्म पूर्णरूपले पत्ता पनि लाग्न सकेको छैन। हामी उदार दानी सज्जनहरूसँग यस कहाली लाग्दो स्थितिलाई सामना गरिरहेका पीडितहरूको मद्दतका निम्ति दानको एक अपील गर्दछौं। नेपालका लागि पतञ्जलि योगपीठद्वारा दान गर्नका लागि सम्पर्कको माध्यमा यस प्रकार छ :

## नेपालका लागि सम्पर्क नम्बर

**माछापुच्छ्रे बैंक लिमिटेड**

खाता नं. : 5201524403263019

SWIFT कोड: MBLNNPKAI

**सनराइज बैंक**

खाता नं. : 002002008920c

SWIFT कोड: FRBLINPKA

**लक्ष्मी बैंक**

खाता नं. : 00051040010744

SWIFT कोड: LXBLNPKA

**एभ्रेस्ट बैंक**

खाता नं. : 00300105200669 और

खाता नं. : 00300105200670

SWIFT कोड: EVBLNPKA

**फोन नं. :**

श्री शालिग्रामज्यू – 009779851049661

श्री लबदेवज्यू – 009779841351731

सुश्री अनीता जी – 009779851077720

## भारतका लागि सम्पर्क नम्बर

नेपाल–भूकम्प त्रासदी ''**पतञ्जलि आपदा राहत कोष**''

**पंजाब नेशनल बैंक**

शाखा: रानीपुर, हरिद्वार

खाता नं. 1074000190263148

SWIFT कोड: PUNB0107400

ई–मेल: divyayoga@divyayoga.com, donation@divyayoga.com

फोन नं. : 01334–240008

## प्रवासीहरूका लागि सम्पर्क नम्बर

**भारतीय स्टेट बैंक**

शाखा : बी.एच.ई.एल., सेक्टर–5, रानीपुर, हरिद्वार

खाता धारक : पतञ्जलि योगपीठ (ट्रस्ट)

खाता नं. : 30523427810

SWIFT कोड: SBININBB225

ई–मेल: divyayoga@divyayoga.com, donation@divyayoga.com

फोन नं. : 01334–240008